नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
# सूचना तथा प्रसारण विभाग
प्रशासन तथा प्रेस शाखा
सञ्चारग्राम, तिलगंगा, काठमाडौं

प.सं. : २०७८/७९
च.नं. ९१६

मिति : २०७८/१२/२८

श्री सम्पूर्ण सञ्चारमाध्यमहरू ।

**विषय : सञ्चार गृहहरुको आ.व. २०७८/०७९ का लागि छुट तथा नयाँ दरबन्दी विवरण बुझाउने सम्बन्धी**

## अत्यन्त जरुरी सूचना

श्रमजीवी पत्रकारसम्बन्धी ऐन, २०५१ तथा नियमावली, २०५३ र प्रेस प्रतिनिधि (प्रमाणपत्र तथा परिचयपत्र वितरण) कार्यविधि, २०७१ को दफा ३३ बमोजिम प्रत्येक वर्ष सञ्चार प्रतिष्ठानले आफ्नो प्रतिष्ठानमा रहेका दरबन्दीको तहगत विवरण र श्रमजीवी पत्रकार, कर्मचारी, कामदारहरुको विवरण प्रेस रजिष्ट्रार (सूचना तथा प्रसारण विभाग) समक्ष पठाउनुपर्ने व्यवस्था छ ।

दरबवन्दी विवरण बुझाउन छुट तथा नयाँ दर्ता भएका सञ्चार प्रतिष्ठानहरुबाट पुन: दरबन्दी विवरण खोलिदिन अनुरोध भइ आएकाले मिति २०७८ चैत्र २८ बाट २०७९ वैशाख १२ गतेसम्म दरबन्दी विवरण बुझाउने व्यवस्था भई नयाँ बुझाएका दरबन्दी विवरण अनुसारको प्रेस प्रतिनिधि प्रमाणपत्र अनलाइनसेवा मार्फत जारी तथा नवीकरणको कार्य गर्ने विभागको मिति २०७८/१२/२८ को निर्णयानुसार आ.व. २०७८/०७९ को लागि सञ्चार प्रतिष्ठानमा (पत्रपत्रिका, टेलिभिजन, एफएम रेडियो र अनलाइन माध्यम) स्वीकृत दरबन्दी र श्रमजीवी विवरण यस विभागको वेवसाइट **www.doinepal.gov.np** मा रहेको **अनलाइन सेवा** मार्फत भरी **२०७९ वैशाख १२ गतेभित्र** तपशील बमोजिम पठाउनुहुन अनुरोध छ ।

**तपशील**

१) प्रेस प्रतिनिधि (प्रमाणपत्र तथा परिचयपत्र वितरण) कार्यविधि, २०७१ को दफा ३३ बमोजिम आगामी आ.व. २०७८/७९ का लागि विभागमा बुझाउने दरवन्दी र श्रमजीवी विवरण विभागको वेभसाइट **www. doinepal.gov.np** मा गई **अनलाइन सेवा** मार्फत भर्नुपर्नेछ ।
२) आ.व. २०७८/७९ का लागि निर्धारण गरिएको दरवन्दी विवरण एकैपटक बुझाउनु पर्नेछ । विवरणमा उल्लेखित रिक्त पदमा भने पछि श्रमजीवी नियुक्त गरी पेश गर्न सकिनेछ ।
३) **५ जनाभन्दा बढी दरबन्दी** भएको सञ्चारगृहहरुले दरबन्दी विवरण पठाउँदा निम्न विवरण **अनिवार्य** भरेको हुनुपर्ने,
   (क) तलवी विवरण **Pay Roll** को प्रमाणित
   (ख) तलब भुक्तानीको लागि सम्वन्धित बैंकलाई लेखिएको बैंकद्वारा प्रमाणित पत्र,
   (ख) सञ्चार प्रतिष्ठानहरुले सञ्चार माध्यम दर्ता प्रमाणपत्र र सो प्रमाणपत्र नवीकरण गर्नुपर्ने भएमा नवीकरण भएको प्रमाणपत्र अनलाइन सेवामा नै **अनिवार्य** अपलोड गर्नुपर्ने छ ।
४) श्रमजीवी पत्रकारसम्बन्धी ऐन, २०५१ को दफा ५ को व्यवस्था अनुसार कुल दरबन्दीको १५ प्रतिशत मात्र करार सेवामा नियुक्त गर्न सकिने छ ।
५) तोकिएको ढाँचा भन्दा भिन्न रुपमा भरिएका विवरणहरु दर्ता गरिने छैन ।
६) विवरण भर्दा सावधानीपूर्वक यथार्थ विवरण भरी यकिन गरी पठाउनुपर्ने छ । पठाएको दरबन्दी विवरणमा संशोधन हुने छैन, गलत विवरण पठाएमा सम्बन्धित सञ्चार प्रतिष्ठान जिम्मेवार रहनेछ ।

फोन: ४११२७१७, ४११२५५१, ४११२७५३, फ्याक्स : ४११२६५२, वेवसाइड: www.doinepal.gov.np

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग
प्रेस शाखा
सञ्चारग्राम, तिलगंगा, काठमाडौं

प.सं. : २०७८/७९
च.नं.

७) विवरण भरिसकेपछि **Confirmation Number** प्राप्त हुनेछ। सो नम्बरबाट विवरण हेर्न, प्रिन्ट गर्न र रिक्त दरबन्दीमा श्रमजीवी थप गर्न, कागजात थप गर्नुपर्ने भए अपलोड गर्न सकिनेछ। **Confirmation Number** सुरक्षित राख्नुहोला।

८) यो सूचना प्रकाशित हुनुभन्दा अगाडि सूचना तथा प्रसारण विभागको दरवन्दी विवरण भर्ने **System** मेन्टेनेन्स कार्य भइरहेको अवस्थामा कुनै सञ्चार प्रतिष्ठानले दरवन्दी विवरण भर्नु भएको भए सो विवरण **System** मा नरहने हुँदा यो सूचना प्रकाशित भएपछि दरवन्दी विवरण पठाउनुहुन अनुरोध गरिन्छ।

९) अनलाइनसेवा मार्फत प्राप्त दरबन्दी विवरण र आवश्यक कागजात प्राप्त भएमा नयाँ प्रेस पास जारी तथा नवीकरण गर्ने कार्य अनलाइन सेवा मार्फत नै हुने व्यहोरा अनुरोध छ।

**बोधार्थ:**
श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं।

**बोधार्थ तथा कार्यार्थ:**
श्री हुलाक निर्देशनालय/कार्यालयहरु : **सबै**
श्री प्रेस काउन्सिल नेपाल, सञ्चारग्राम।
श्री न्यूनतम पारिश्रमिक निर्धारण समिति, सञ्चारग्राम।
श्री नेपाल पत्रकार महासंघ, केन्द्रीय कार्यालय, काठमाडौं : तहाँ अन्तर्गत सम्पूर्ण जिल्ला शाखा र सञ्चार प्रतिष्ठानहरुलाई जानकारी गराइदिनुहुन।

२०७८।१२।२

**विष्णुलाल श्रेष्ठ**
**शाखा अधिकृत**

फोन: ४११२७७, ४११२५५१, ४११२७५३, फ्याक्स : ४११२६५२, वेबसाइड: www.doinepal.gov.np